अंक

२

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

## औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखा

सिंहदरवार, काठमाडौं

# उद्यमशीलता

## चौमासिक बुलेटिन

# बुलेटिनभित्र......

(१) तथ्याङ्कमा उद्योग

(२) नीति, कानून, कार्यविधि तर्जुमा

(३) अध्ययन/ प्रतिवेदन

(४) अध्ययन कार्यदल / समिति गठन

(५) गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA)

(६) सम्वाद श्रृंखला

(७) विविध

## सम्पादकीय

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले औद्योगिक विकास, लगानी र उत्पादनशीलका क्षेत्रका कृयाकलाप र तिनको उपलव्धी सम्वन्धित सरोकारवाला समक्ष सम्प्रेषण गर्न चौमासिक रुपमा उद्यमशीलता वुलेटिन प्रकाशन गर्ने गरेको छ। उद्यमशीलता वुलेटिनको यो अंकमा औद्योगिक विकास तथा लगानी प्रवर्धनका लागि मन्त्रालयबाट चालु आर्थिक वर्षको दोस्रो चौमासिकमा सम्पादन भएका कार्यहरू र तिनका उपलव्धीहरु समेटिएका छन्।


चालू आर्थिक वर्षको दोस्रो चौमासिक अवधिसम्म मन्त्रालयले विविध नीतिगत र कार्यक्रमगत प्रयास मार्फत औद्योगिक वातावरण सुधार तथा उद्योग व्यवसायलाई सहजीकरण सम्बन्धी कार्य गरेको छ। यस अवधिमा उद्योग दर्ता र वैदेशिक लगानी प्रतिवद्धता अघिल्लो चौमासिक अवधिमा भन्दा घटेको छ। कम्पनी दर्ता बढेको छ। चालु आ.ब.को दोस्रो चौमासिकका लक्षित कार्यक्रमहरू कार्यान्वयन भएका छन्। उद्योग र लगानी प्रवर्धनको लागि सकारात्मक योगदानको वातावरण तयार गर्न आवश्यक कानुनी तथा नीतिगत व्यवस्थाका लागि विभिन्न अनुसन्धानमूलक अध्ययन कार्यको प्रतिवेदन प्राप्त भएको छ। समृद्धि र सुखका राष्ट्रिय लक्ष्य प्राप्तिका लागि औद्योगिक क्षेत्रमा लगानी वढाई उत्पादन अभिवृद्धिमा जोड दिनुपर्छ। यसको लागि औद्योगिक वातावरण लगानीमैत्री बनाउन नीतिगत पृष्ठपोषणका लागि सम्बन्धित सवैमा हार्दिक अनुरोध छ। -सम्पादक मण्डल


**सम्पादक मण्डल**

१. सहसचिव, डा. नारायण प्रसाद रेग्मी
२. उपसचिव, प्रेमप्रसाद लुइटेल
३. उपसचिव, एकदेव अधिकारी
४. उपसचिव, दिनेश सागर भुसाल
५. शाखा अधिकृत, रमिला भण्डारी



## (१) तथ्याङ्कमा उद्योग

**१.१** चालु आ.व.को दोश्रो चौमासिकसम्ममा (श्रावण-फाल्गुण मसान्तसम्म) उद्योग विभागबाट १३६ उद्योग दर्ता भई ७९५४ रोजगारी प्रस्तावित भएको छ। स्विकृत कुल लगानी रू.१ खर्ब १८ अर्ब रहेको छ। त्यसैगरी ७७ जिल्लाका घरेलु तथा साना उद्योग कार्यालय मार्फत फाल्गुणसम्म कूल ३३,४१३ घरेलु तथा साना उद्योग दर्ता भएका छन्, जसबाट १,११,३१७ रोजगारी प्रस्ताव भएको छ।





स्रोत: उद्योग विभाग

यस अवधिमा सबैभन्दा बढी साना उद्योग दर्ता भएका छन्। उत्पादनमूलक उद्योग दर्ता भएका छन्। पूर्वाधार र खनिज क्षेत्रका उद्योगको संख्या तुलनात्मकरुपमा न्यून छ।





स्रोत: उद्योग विभाग

**१.२** चालू आ.व. को फाल्गुण मसान्तसम्म उद्योग विभागबाट १३२ वटा वैदेशिक लगानीका आयोजना स्वीकृत भई ३७४० रोजगारी प्रस्तावित भएको छ। प्रस्तावित आयोजनाको विदेशी लगानी प्रतिबद्धता रू. २५ अर्ब ४१ करोड रहेको छ। पर्यटन क्षेत्रका आयोजनामा सबैभन्दा बढी विदेशी लगानी प्रतिबद्धता प्राप्त भएको छ।




स्रोतः उद्योग विभाग

त्यसै गरी सवैभन्दा बढी विदेशी लगानी साना उद्योगमा भित्रिएको छ भने ठूला र मझौला उद्योगको हिस्सा जम्मा ४ प्रतिशत मात्र छ।




स्रोतः उद्योग विभाग

**१.३** चालु आ.व. को दोस्रो चौमासिकसम्ममा ११,६०१ वटा नयाँ कम्पनी दर्ता भएका छन्। गत वर्ष सोही अवधिमा ९१३५ मात्र कम्पनी दर्ता भएका थिए। गत वर्षको तुलनामा २७ प्रतिशतले नयाँ कम्पनी दर्ता वृद्धि भएको छ।

**१.४** दोस्रो चौमासिक सम्ममा १२ वटा वस्तुहरुले गुणस्तर चिन्ह प्राप्त गरेका छन् भने ३ वटा उद्योगलाई प्रणाली प्रमाणीकरण प्रदान गरिएको छ। त्यसै गरी २३२७ वस्तुको रसायन तथा भौतिक जाँच भएको छ भने क्यलिब्रेसन सेवा १०६७ वटालाई प्रदान गरिएको छ।

**१.५** निर्यातमा नगद अनुदानको लागि प्राप्त निवेदनहरूबाट ४१३ उद्योगको मूल्य अभिवृद्धि गणना भई ६० करोड अनुदान सिफारिस गरिएको छ ।

## (२) नीति, कानून, कार्यविधि तर्जुमा

२.१ विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमावली, २०७७ नेपाल सरकारबाट स्विकृत भै कार्यान्वयनमा आएको छ।

२.२ औद्योगिक व्यवसाय नियमावली, २०७७ तर्जुमा भैरहेको छ। औद्योगिक व्यवसाय ऐन, २०७६ को कार्यान्वयनका लागि ऐन वमोजिमको नियमावली तर्जुमा गर्ने क्रममा विभिन्न सरोकारवाला मन्त्रालयहरु, निजी क्षेत्रका छाता संस्थाहरुसँग छलफल तथा अन्तरकृया गरी अन्तिम रुप दिई सो मस्यौदा स्वीकृतिको क्रममा रहेको छ।

२.३ बौद्धिक सम्पत्ति ऐन, २०७७ तर्जुमा भै अर्थ मन्त्रालयमा रायका लागि पठाइएको छ। बौद्धिक सम्पत्तिका विविध विधालाई प्रोत्साहन गर्दै नवप्रवर्तन, सिर्जनशीलता, प्रविधिजन्य खोज तथा अन्वेषण सम्वन्धी कार्यको प्रवर्द्धनका माध्यमबाट नवप्रवर्तक, सर्जक, खोजकर्ता एवं अन्वेषकको कानुनी तथा आर्थिक अधिकारको संरक्षण, सर्वसाधारणको सुविधा, उपभोक्ताको संरक्षण, उपयुक्त औद्योगिक व्यावसायिक वातावरण निर्माण र राष्ट्रिय हितको प्रवर्द्धन गर्न, बौद्धिक सम्पत्ति सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न आवश्यक भएकोले नयाँ ऐनको मस्यौदा तयार गरी स्वीकृतिको चरणमा रहेको छ।

२.४ विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को अनुसुचि संशोधन भएको छ। नविनतम प्रविधिको उपयोग गरी कृषि क्षेत्रको उत्पादन मार्फत कृषि क्षेत्रलाई आधुनिकीकरण र यान्त्रिकरण गर्न यस क्षेत्रमा लगानी प्रवर्द्धनका लागि नेपाल सरकारले विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ ले दिएको अधिकार प्रयोग गरी सो ऐनको अनुसूचीको क्रम सङ्ख्यामा "आफूले उत्पादन गरी कम्तीमा पचहत्तर प्रतिशत निकासी गर्ने पशुपन्छी पालन, माछापालन, मौरीपालन, फलफूल, तरकारी, तेलहन, दलहन, दुग्ध व्यवसाय र कृषिका प्राथमिक उत्पादनसँग सम्बन्धित ठूला उद्योग बाहेकका उद्योग वा व्यवसाय," भन्ने वाक्य राखी हेरफेर गरेको छ।

२.५ औद्योगिक व्यवसाय ऐन, २०७६ को अनुसूची८ संशोधन गरिएको छ। औद्योगिक व्यवसाय ऐन, २०७६

को दफा १७ को उपदफा (२) को खण्ड (ज) सँग सम्बन्धित अनुसूची ८ मा उल्लेखित सेवामूलक उद्योगको रुपमा वर्गीकरण गरिएका थोक तथा खुद्रा व्यवसाय सेवा, विद्युतीय व्यापार (इ-कमर्श) सेवा र घुम्ती खाद्य स्टल सेवा वस्तु व्यापारसँग सम्बन्धित भएकोले यस्ता व्यवसायहरूको इजाजत प्रदान लगायतका कार्य वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले गर्ने गरेकोले त्यस्ता व्यवसायलाई उद्योगको रुपमा दर्ता गर्न आवश्यक पर्ने नदेखिएकोले यस्ता सेवालाई उद्योगको वर्गीकरणमा समावेश गर्दा सर्वसाधारणलाई कुन ऐन अन्तर्गत कुन निकायमा दर्ता गर्ने भन्ने द्विविधा समेत भएकोले औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा १७ को उपदफा (२) को खण्ड (ज) सँग सम्बन्धित अनुसूची ८ बाट उल्लिखित सेवा उद्योग हटाइएको छ।

## (३) अध्ययन, प्रतिवेदन

**३.१**<u>कोभिड-१९ ले लघु, घरेलु तथा साना उद्योगहरूमा पारेको प्रभाव</u> वारे अध्ययन सम्पन्न भएको छ।

उक्त सर्वेक्षण अनुसार लकडाउनको अवधिमा केवल ३५ प्रतिशत फर्म सञ्चालनमा रहेकोमा, लकडाउन खुले पश्चात ८० प्रतिशत फर्महरु सञ्चालनमा आएको पाईएको छ । सबै औद्योगिक क्षेत्रहरू प्रभावित भएको र पर्यटन क्षेत्र सबभन्दा बढी प्रभावित बनेको अध्ययनले देखाएको छ । लकडाउनको अवधिमा पर्यटन क्षेत्रका ८५ प्रतिशत फर्महरु बन्द रहेका र लकडाउन खुले पश्चात ७२ प्रतिशत पर्यटकीय क्षेत्रका फर्महरू सञ्चालनमा आएको पाईएको छ । ऊर्जा क्षेत्रमा लकडाउनको बाबजुद ६७ प्रतिशत फर्महरु सञ्चालनमा रहेको अध्ययनले देखाएको छ । सेवा क्षेत्र तुलनात्मक रूपमा छिटो रिकभर भएको पाईएको छ।लकडाउनको अवधिमा केवल १५ प्रतिशत सञ्चालनमा रहेको सेवा क्षेत्र लकडाउन पश्चात ९६ प्रतिशत सञ्चालनमा आएको छ ।

लकडाउनको अवधिमा औसत तलब गिरावट २९ प्रतिशत रहेकोमा लकडाउन खुले पश्चात ७ प्रतिशत मा झरेको छ। त्यसैगरी ८० प्रतिशत कामदारहरूले लकडाउनको अवधिमा आफ्नो रोजगारी गुमाएकोमा, गुमाएका कामदार मध्ये ५९ प्रतिशत कामदार लकडाउन खुले पश्चात (मध्य डिसेम्बर २०२० सम्म) पुनः रोजगारीमा फर्किएका छन। पूर्वाधार क्षेत्रमा सबभन्दा बढी र खानी क्षेत्रमा सबैभन्दा कम रोजगारीमा गिरावट देखिएको छ। सुदूरपश्चिममा सबभन्दा बढी रोजगारी गुमाउने ८३ प्रतिशत देखिए भने रिकभरी ६२ प्रतिशत पनि सबभन्दा बढी सुदूर पश्चिम प्रदेशमै रहेको अध्ययनले देखाएको छ।

अध्ययन गरिएका फर्महरू मध्ये पर्यटन क्षेत्र बाहेक अन्य क्षेत्रका उद्यमीहरुमा औसतमा ३ प्रतिशतले बन्द गर्ने, ३ प्रतिशतले स्विच गर्ने र ३ प्रतिशतले बिक्री गर्ने इच्छा व्यक्त गरे । त्यसैगरी पर्यटन क्षेत्रमा ९ प्रतिशतले बन्द गर्ने, ८ प्रतिशतले स्विच गर्ने र ८ प्रतिशतले बिक्री गर्ने चाहना व्यक्त गरे । फर्महरूको ठूलो हिस्साले पहिले जस्तै उद्यम सञ्चालन गर्ने विचार प्रकट गरे भने १५ प्रतिशतले आफ्नो व्यवसाय विस्तार गर्ने चाहना रहेको बताए ।

अध्ययनमा सहभागी उद्योग व्यवसायीहरुले यातायता खर्च वढी भएको, सुरक्षा खतरा वढेको, वस्तु तथा सेवाको मागमा गिरावट आएको, कच्चा पदार्थको मुल्यमा वृद्धि भएको, ब्याज दर तथा करको भार बढेको, कच्चा पदार्थको अभाव भएको, कर्मचारीको अभाव भएको, भाडादरको भार बढेको, कर्मचारीको तलव दिन नसकिएको आदि जस्ता समस्याहरु औंल्याएका छन् ।

त्यसैगरी अध्ययनमा सहभागी उद्योग व्यवसायीहरुले उद्योग व्यवसाय पुरानै अवस्थामा फर्काउन फेरी वन्दावन्दी गर्न नहुने, ब्याज दरमा छुट दिनुपर्ने, सहुलियत व्याज दरमा ऋण उपलब्ध गराउनुपर्ने, कर छुट गर्नुपर्ने, घरभाडा छुट गर्नुपर्ने, अन्तःशुल्क र भ्याटको दरमा पुनर्मूल्यांकन गर्नुपर्ने र नेपाल सरकारले घोषणा गरेको सबै सहुलियतहरु तुरुन्त प्रदान गर्नुपर्ने, व्यापार मैत्री नीति बनाउनुपर्ने, श्रमिकलाई मासिक रुपमा वित्तीय सहायता उपलब्ध गराउनुपर्ने, पुनर्कर्जा उपलब्ध गराउनु पर्ने सुझाव दिएका छन् ।

कृषि, निर्माण र पर्यटन क्षेत्रका अधिकांस उद्यमीहरुलाई भाडा तिर्न, मजदुरलाई तलब र सरकारलाई कर तिर्न संघर्ष भइरहेकाले उद्यमीहरुलाई आर्थिक सहयोग प्रदान गर्नुपर्ने देखिन्छ। उक्त अध्ययनले देहाय बमोजिम नीति सिफारिश गरेको छः

**<u>नीतिगत सिफारिश (तत्काल गर्नुपर्ने)</u>**

- अधिकांश उद्यमीहरुलाई भाडा तिर्न, मजदुरलाई तलब र सरकारलाई कर तिर्न कठिनाई भइरहेकाले आर्थिक सहयोग प्रदान गर्नुपर्ने।


- धेरै महिनादेखि मागमा उल्लेखनीय गिरावट आएकोले समग्र माग बढाउनको लागि सामान्य तथा पूँजीगत खर्चमा बृद्धि गर्नुपर्ने।
- उद्यमीहरूलाई सहुलियत कर्जा उपलब्ध गराउने।
- उद्यमी तथा कामदारहरुलाई नि:शुल्क कोभिड विरुद्धको खोपका लागि प्राथमिकतामा राख्ने।
- लघु,घरेलु,साना तथा मझौला उद्योगहरुको प्रबर्धनका लागि स्वदेशी वस्तुको उपयोग सम्बन्धी अभियान तथा कार्यक्रम चलाउने।

**<u>नीतिगत सिफारिश (दीर्घकालीन)</u>**

- उद्योग प्रशासनलाई लगनी मैत्री बनाउन नीतिगत, संरचनागत र कार्यविधिगत सुधार गरी व्यवसाय शुरु गर्ने वातावरण सहज र सरल बनाउने।
- कच्चा पदार्थ आयात सहज बनाउने ।
- उद्यमी तथा कामदारका निमित्त सम्भावित स्वास्थ्य जोखिम कम गर्न, स्वास्थ्य बीमा अभियान वा नि:शुल्क स्वास्थ्य बीमा योजना लागू गर्ने ।
- उद्योगसँग सम्बन्धित आर्थिक, सामाजिक आयाम, रोजगारी तथा उत्पादनमा पर्ने प्रभावसँग सम्बन्धित अनुसन्धान तथा खोज निरन्तर रुपमा अगाडी बढाइ उद्योगहरुसँग सम्बन्धित सम्पूर्ण विषयहरु बैज्ञानिक तरिकाले समाधान गर्ने।


३.२ कोभिड-१९ ले उद्योग क्षेत्रमा पारेको प्रभाव (संक्षिप्त अध्ययन) विषयमा अध्ययन कार्य सम्पन्न भएको छ। यस अध्ययनको मुख्य उद्देश्य कोभिड-१९ का कारणले उद्योग व्यवसायमा पारेको प्रभाव पत्ता लगाउनु रहेको थियो। यस अध्ययनले कोभिड-१९ महामारीका कारण सबै प्रकारका उद्योग व्यवसायहरू प्रभावित भएको देखाएको छ। उद्योग व्यवसायको संचालन क्षमता घटेको छ जसका कारण वस्तु तथा सेवाको उत्पादनमा समेत गिरावट आएको छ। उद्योगी तथा व्यवसायीहरूले कच्चा पदार्थको आपूर्ति, श्रमिक परिचालन र उत्पादनको बजारीकरणमा समस्या भोगिरहेको बताएका छन्। अधिकांश उद्योगी व्यवसायहरू घाटामा संचालन भएका छन् भने लघु, घरेलु, साना तथा मझौला उद्योगीहरूले संचालन पूँजीको अभाव भएको बताएका छन्। त्यसैगरी सबै प्रकारका उद्योगी व्यवसायीहरूले उल्लेख्य संख्यामा रोजगारीको कटौती गरेका छन् भने रोजगारी गुमाउनेको संख्या पुरूषको तुलनामा महिलाको बढी रहेको पाईएको छ। यस अध्ययनका सहभागीहरूले उद्योग व्यवसायको पूर्ण संचालनका लागि सरकारले ब्याजदरमा विशेष छुट दिनुपर्ने, सहुलियत दरमा ऋण पाउनुपर्ने, करमा विशेष छुट दिनु पर्ने, उत्पादनको आधारमा विद्युतको डिमाण्ड शुल्क निर्धारण गर्नुपर्ने, मूल्य अभिवृद्धि कर फिर्ता दिनुपर्ने, पुनर्कर्जा उपलब्ध गराउनुपर्ने, घरभाडा छुट दिनुपर्ने सुझाव दिएका छन्। यसका साथै कम्तिमा २ वर्षसम्म श्रमिकको न्यूनतम् ज्यालामा वृद्धि गर्न नहुने, अन्त शुल्क र भ्याटको दरमा पुनर्मूल्यांकन गर्नुपर्ने र नेपाल सरकारले घोषणा गरेका सबै सहुलियतहरु तुरुन्त प्रदान गर्नुपर्ने समेत सुझाव दिएका छन्।

**उत्पादनमा आएको गिरावट**




स्रोत: अध्ययन प्रतिवेदन, २०७७

**उद्योगहरुको नाफा नोक्सानको अवस्था**




स्रोत: अध्ययन प्रतिवेदन, २०७७

३.३ **<u>Corporate Social Responsibility</u>** को सम्बन्धमा त्रिभुवन विश्वविद्यालयबाट अध्ययन

प्रतिवेदन प्राप्त भएको छ। उक्त अध्ययनले अधिकांश उद्योगले औद्योगिक व्यवसाय ऐन, २०७६ को मर्म अनुसार व्यावसायिक सामाजिक जिम्मेवारी अनुपालना नगरेको देखाएको छ।

३.४ **Business Incubation Center** को सञ्चालन सम्बन्धी गरिएको अध्ययनको प्रतिवेदन प्राप्त भएको छ। प्रारम्भिक प्रतिवेदनमा व्यवसाय विकास केन्द्र स्थापना तथा सञ्चालन प्रक्रिया, मापदण्ड तथा आधारहरु का साथै व्यवसाय विकास (बिजनेस इन्क्यूबेशन) केन्द्र स्थापना तथा सञ्चालनमा सरोकारवालाको भूमिका समेतका वारेमा नीतिगत सुझावहरु प्राप्त भएका छन्।

**३.५ रुग्ण उद्योग अध्ययन तथा प्रतिवेदन समिति**ले अन्तिम अध्ययन प्रतिवेदन मिति २०७७/०९/१३ गते मन्त्रालयमा पेश गरेको छ।

उक्त समितिले नेपाल सरकारको लगानीमा स्थापित उद्योग मन्त्रालय अन्तर्गतका ९ वटा, निजीकरण गरिएका १५ वटा तथा निजी क्षेत्रबाट सञ्चालित ७ वटा गरी कूल ३१ वटा उद्योग प्रतिष्ठानहरुको अध्ययन गरेको छ। प्रतिवेदनले उद्योगको प्रकृति, रुग्णताको अवस्था तथा उत्पादन हुने वस्तु तथा सेवाको आपूर्तिको अवस्थाका आधारमा पुनरुत्थान एवं व्यवस्थापनको मोडालिटी पनि फरक, फरक हुनुपर्ने विषय औंल्याएको छ। सरकारी लगानीमा स्थापित उद्योगहरु सञ्चालन स्वायतता र व्यवस्थापकीय दक्षताको अभावका कारण रुग्ण हुँदै गएको र निजी क्षेत्रका उद्योगहरु उपरोक्त विषयका अतिरिक्त नयाँ प्रविधीको स्तरोन्नती गरी प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्ननसकेको कारण रुग्ण भएको समेत प्रतिवेदनले निष्कर्ष निकालेको छ।

सरकारी तवरबाट स्थापित उद्योग प्रतिष्ठानहरुको सन्चालक समितिमा पदेन सदस्यहरुको सट्टा विज्ञ र व्यावसायिक व्यक्तिहरु नियुक्त भई पूर्णकालीन कार्य गर्ने व्यवस्था मिलाउने, एउटै प्रकृतिका उद्योगहरुलाई एउटै कम्पनी वा व्यवस्थापन अन्तर्गत सन्चालन गर्ने, कार्यकारी निर्देशक तथा विभागीय प्रमुखहरुलाई कार्य सम्पादन सम्झौता गरी उपलव्धीका आधारमा निरन्तरता दिने वा नदिने व्यवस्था लागू गर्ने, रणनीतिक योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने, उद्योग वा प्रतिष्ठानका श्रमिक तथा कर्मचारीहरुलाई हालसम्मको सेवाको लागि नियमानुसार अवकाश गरी स्थायी सेवालाई करार सेवामा परिवर्तन गर्ने, Cost Management Accounting System लागू गर्ने लगायतका मुख्य मुख्य सुझावहरु प्रतिवेदनमा समेटिएका र उक्त सिफारिशहरु क्रमश कार्यान्वयन गर्दै जाने मन्त्रालयको नीति रहेको छ।

३.६ **Economic Policy Incubator (EPI)** सँगको सहकार्यमा उद्योग तथा लगानी सम्बन्धी लागि नीतिगत सुधारका लागि देहायका प्रतिवेदन तथा सन्दर्भ सामाग्री तयार भएका छन्।

१. Investment Prospectus 2021
२. Nepal Investment Guide for Foreign Investors 2021
३ Nepal Investment Guide for Domestic Investors 2021
४. Operationalizing Simara Special Economic Zone, Critical Issues and Recommended Actions 2021
५. औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्डः कार्यगत सुधारका उपायहरु

## (४) अध्ययन कार्य दल/ समिति गठन

४.१ नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र आन्दोलनरत उखु किसान संघर्ष समितिबीच मिति २०७७/९/१३ मा भएको सम्झौता बमोजिम औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखा प्रमुख डा. नारायण प्रसाद रेग्मीको संयोजकत्वमा नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र आन्दोलनरत उखु किसान संघर्ष समितिबीच भएको सम्झौता बमोजिम एक प्राविधिक समिति गठन भएको छ। समितिलाई देहायको कार्यादेश दिइएको छ।

१) वक्यौता भुक्तानी हुनु पर्ने रकम उपर उद्योगी र उखु किसानको दावी फरक फरक भएको हुँदा यस सम्वन्धमा यथार्थ यकीन गरी भुक्तानीका सम्वन्धमा सुझाव पेश गर्ने,

२) उखु किसानले नेपाल सरकारद्वारा निर्धारण गरिएको समर्थन मूल्य नपाएको भन्ने सम्वन्धमा सत्य तथ्य यकिन गरी सुझाव पेश गर्ने।

३) उखु किसानले नेपाल सरकारद्वारा दिएको अनुदान रकम नपाएको विषयमा सत्य तथ्य यकिन गरी सुझाव पेश गर्ने।

४) उखु तथा चिनीको उत्पादन, वजारीकरण र रकम भुक्तानी र अनुदान वितरण एवं सुख्खा (जुन्ना) कट्टी लगायतका विषयमा उखु किसान तथा चिनी उद्योगीले भोगिरहेका समस्याका विषयमा अध्ययन गरी अल्पकालीन तथा दिर्घकालीन सुझाव पेश गर्ने।

५) उखु किसानले चिनी मिलमा उखु बुझाई सकेपछि चिनी मिलले भुक्तानी गर्ने समयावधि किटान गर्ने सम्बन्धमा अध्ययन गरी सुझाव पेश गर्ने ।

प्राविधिक समितिले पूर्व, मध्य र पश्चिम का जिल्ला (सर्लाही, कंचनपुर र नवलपरासी) मा स्थलगत भ्रमण गरी किसान र उद्योगका प्रतिनिधिसँग अन्तरक्रिया गरी कार्यदिश बमोजिमका विवरण संकलन गरेको छ।

**४.२ विदेशी लगानीको न्यूनतम सीमा (Threshold) को सम्बन्धमा** सुझाव दिन उद्योग विभागका महानिर्देशकको संयोजकत्वमा एक समिति गठन भएको र उक्त समितिले कार्य प्रारम्भ गरिसकेको छ।

**४.३कृषि क्षेत्रमा विदेशी लगानी स्विकृतिको मापदण्ड तयारी सम्बन्धमा** सुझाव दिन उद्योग विभागका महानिर्देशकको संयोजकत्वमा एक समिति गठन भएको छ र यस समितिले समेत कार्य प्रारम्भ गरिसकेको छ।

## (५) गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA)

स्वदेशी श्रम, सीप, स्थानीय कच्चा पदार्थ र श्रोतको उपयोग गरी उद्यमशीलता विकासको माध्यमबाट स्थानीयस्तरमा नै रोजगारी सिर्जना गर्ने उद्देश्यका साथ स्थानीय तह मार्फत गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) सञ्चालनमा रहेको छ ।

चालु आ.व.को दोश्रो चौमासिकसम्म यस कार्यक्रमबाट ५८,७९६ जना सम्भावित लघु उद्यमी पहिचान भएका जसमध्ये ५७,१५१ जना सम्भावित लघु उद्यमी छनौट भई २२,७८७ जनाले उद्यमशीलता विकास र ११,६०३ जनाले प्राविधिक सीप विकास तालिम प्राप्त गरिसकेका छन्। लघु उद्यमी सिर्जना तथा स्तोरन्तिका लागि ७३० वटा स्थानीय तहमा १,३६४ जना उद्यम विकास सहजकर्ताहरु यस कार्यक्रममा परिचालन भएका छन्।

गरिबीको रेखामुनी रहेका, वैदेशिक रोजगारीबाट फर्किएका वा स्वदेशमा रोजगारी गुमाएका बरोजगार व्यक्ति, युवा तथा महिला लक्षित यो कार्यक्रमबाट स्थानीयस्तरमा उद्यमशीलता तथा लघु उद्यमको विकास भई स्वरोजगारी/रोजगारी सिर्जनामा सहयोग पुगेको छ।

## (६) सम्वाद श्रृंखला

औद्योगिक तथा लगानी प्रवर्धन महाशाखाले औद्योगिक विकास, लगानी प्रवर्धन तथा वौद्धिक सम्पतिको संरक्षण लगायतका विभिन्न विधामा नियमित सम्वाद शृंखला संचालन गरिरहेको छ। दोश्रो चौमासिकको यस अवधीमा देहायका विषयमा संवाद श्रृंखला सन्चालन भएको छः

| सम्वादको विषय | विज्ञ/स्रोत व्यक्ति | महिना |
|---|---|---|
| Start Up Policy and Practices. | सुजिब शाक्य/ तेजस्वी भट्टराई | मंसिर |
| Nepal's FDI Status, | अमित कोईराला | पौष |
| A Roadmap to Industrial Prosperity. | डा. विश्व पौंडेल | माघ |
| Role of Service Sector, Awaiting "NewDeal" and Linking Diaspora Community through Industry-University Research. | डा. सञ्जिब सिग्देल | फागुन |

यी संवाद श्रृंखलाबाट मन्त्रालयलाई नीति निर्माणमा महत्वपूर्ण नीति पृष्ठपोषण प्राप्त हुने गरेको छ।

## (७) विविध

**७.१ औद्योगिक प्रवर्धन वोर्डको वैठक:**

यस अवधीमा औद्योगिक प्रवर्धन वोर्डको २३३ औं वैठक सम्पन्न भएको छ।उक्त वैठकले केही उद्योगको पूँजी तथा क्षमता वृद्धि गर्नुको साथै वालुवा प्रशोधन गर्ने उद्योगको अनुमति, दर्ता तथा नियमन प्रकृयालाई सहज बनाउन कार्यविधि, २०७७ स्वीकृत गरेको छ। उक्त कार्यविधिमा उद्योगलाई निम्न शर्त तोकिएको छ।

१. उद्योग स्थापना गर्दा साईड ड्रेन, हिलो थिग्रने पोखरी, फोहोर पानी प्रशोधनको व्यवस्था र वायु प्रदूषणको लागि आवश्यक व्यवस्था गर्नुपर्ने।

२. उद्योगले आफुलाई चाहिने कच्चा पदार्थ सिधै नदी वा वनक्षेत्रबाट उत्खन्न गरि प्रशोधन गर्न पाउने छैन।

३. दर्ता गर्नु पूर्व वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनु पर्ने।

४. वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित शर्तहरु पूर्ण रुपमा पालना गर्नुपर्ने।

**७.२ नेपाल सरकार र पोखरा विश्वविद्यालयको संयुक्त आयोजनामा Launching of Bachelor of Entrepreneurship Development (BED) सम्पन्न भएको छ।** पोखरा विश्वविद्यालय र उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालयको सहकार्यमा पोखरा विश्वविद्यालयको मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत स्कूल अफ डिभलपमेण्ट एण्ड सोसल ईन्जिनियरिंगमा यसै शैक्षिक सत्र (सन् २०२१ स्प्रिंग सेमेष्टर) देखि स्नातक तहको चार बर्षे Bachelor of Entrepreneurship Development (BED) संचालन हुने भएको छ।

**७.३ छलफल तथा अन्तरक्रिया कार्यक्रम:** गण्डकी प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश निर्देशनालय तथा सवै घरेलु तथा साना उद्योग कार्यालयका कार्यालय प्रमुख तथा अधिकृतस्तका कर्मचारीहरुसंग मिति २०७७/११/२१ गते उद्योग प्रशासन, विदेशी लगानी, बौद्धिक सम्पत्ति लगायतका विषयमा एक दिवशीय छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। संघीय शासन प्रणालीमा संविधानले दिएको क्षेत्राधिकार भित्र संघ, प्रदेश र स्थानीय तहले बनाउने औद्योगिक कानूनमा स्पष्टता र कार्यविधिमा एकरुपता कायम गर्ने विषयमा छलफल भएको थियो। अनुमति लिनु पर्ने उद्योगको क्षेत्राधिकार र औद्योगिक व्यवसाय ऐन, २०७६ ले प्रदेश र स्थानीय तहलाई दिएको अधिकारका बारेमा प्रष्ट पारिएको थियो । प्रदेशमा बन्ने औद्योगिक कानूनले समेट्नु पर्ने बिषय र औद्यगिक बौद्धिक सम्पत्ति दर्ता, नविकरण लगायत विदेशी लगानीको बारेमा समेत छलफल भएको थियो। उक्त कार्यक्रममा सहभागीहरुले उठाएका उद्योग दर्ता, विभिन्न निकायको क्षेत्राधिकार, सेवा प्रवाहसँग सम्बन्धित जिज्ञासाको समाधान गरिएको थियो।

**७.४ नेपाल राजस्व परामर्श विकास समिति** (गठन) आदेश, २०७६ अनुरूप नेपाल सरकारको मिति २०७७ भाद्र १ गतेको निर्णयले नेपाल राजस्व परामर्श समिति गठन भएको छ। यस समिति अन्तर्गत उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव डा. नारायणप्रसाद रेग्मीज्यूको संयोजकत्वमा आर्थिक क्षेत्र (उद्योग वाणिज्य, पर्यटन, रियल स्टेट, लगानी तथा निर्यात प्रवर्द्धन) उपसमिति गठन भएको छ। नेपाल राजस्व परामर्श समितिले यस उपसमितिलाई औद्योगिक प्रवर्द्धन तथा संरक्षण, वाणिज्य, आयात निर्यात तथा वैदेशिक व्यापार, सेवा व्यापार, आपूर्ति व्यवस्थापन तथा लगानी प्रवर्द्धनको लागि गर्नुपर्ने नीतिगत सुधार, कानूनी सुधार, प्रकृयागत सरलीकरण र कर तथा गैर कर प्रोत्साहन सम्वन्धी बिषयमा अध्ययन तथा छलफल गरी सुझाव पेश गर्ने जिम्मेवारी दिएको छ ।

आर्थिक उपसमितिले आफूलाई प्राप्त कार्यादेश अनुसार सम्बन्धित सरोकारवालाहरूसँगको छलफल र परामर्श पश्चात आगामी आर्थिक बर्षका लागि नेपाल सरकारले आर्थिक क्षेत्रमा अपनाउनु पर्ने नीति र कार्यक्रमसँग सम्वन्धित सुझावहरू संकलन गर्ने काम गरिरहेको छ।

उपसमितिबाट औद्योगिक तथा लगानी प्रवर्धन, वाणिज्य, पर्यटन तथा सेवा व्यापार, रियल स्टेट, आपूर्ति व्यवस्थापन, बैदेशिक व्यापार तथा निर्यात

प्रवर्धनका क्षेत्रमा नीतिगत र कानूनी सुधार, प्रकृयागत सरलीकरण र कर तथा गैरकर प्रोत्साहन सम्बन्धी सुझावका साथै कोभिड १९ ले उद्योग, वाणिज्य, पर्यटन लगायत लगानीको क्षेत्रमा परेको असरलाई न्यूनिकरण गर्न उद्योग प्रतिष्ठानलाई सरकाको तर्फबाट दिनु पर्ने छुट, सुविधा र सहुलियतका बिषयमा समेत सुझाव दिने गरि प्रतिवेदन मस्यौदा तयारी भएको छ।

७.५ <u>**व्यवसाय सहजीकरण एकाईको कार्ययोजना**</u> तयारी भएको छ। नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७६/६/३० मा व्यवसाय संचालनको सहज वातावरण निर्माणका लागि संस्थागत संरचना स्विकृत भएको थियो। सो अनुरुप यस मन्त्रालयमा औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखा प्रमुखको संयोजकत्वमा उद्योग विभाग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, कम्पनी रजिष्ट्रार कार्यालय लगायतको प्रतिनिधित्व रहने व्यवसाय सहजीकरण एकाई गठन भएको छ।यस एकाईलाई मन्त्रालय र मातहतका निकायहरुले व्यवसाय स्थापना तथा संचालनका क्षेत्रमा गर्नुपर्ने सुधारका क्षेत्रको पहिचान गरी कार्यान्वयन गर्ने गराउने, अन्तर निकायगत सरोकारवालाका विषयहरु-लाई समन्वय समितिमा पेश गरी समाधानका उपाय पहिचानमा सहयोग गर्ने, सम्पादित कार्य प्रगितिको नियमित रुपमा केन्द्रलाई जानकारी गराउने, विश्व बैंक समूहबाट प्रत्येक वर्ष प्रकाशन हुने Doing Business प्रतिवेदन तयारीको सिलसिलामा एकाइ सम्वद्ध निकाय र मातहतबाट उपलब्ध गराउनुपर्ने सूचनाको अद्यावधिक जानकारी गराउने सम्पर्क बिन्दुको रुपमा रही त्यस्ता सूचनाहरु व्यवसायिक वातावरण प्रवर्द्धन समन्वय समितिको सचिवालय मार्फत विश्व बैंकलाई उपलब्ध गराउने र परिषद्, कार्यकारी समूह तथा समितिबाट प्राप्त निर्देशनको कार्यान्वयन गर्ने गराउने जिम्मेवारी रहेको छ ।

७.६ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र ILO, Nepal को संयुक्त आयोजनामा <u>**"National Dialogue on Business Recovery in Nepal"**</u> कार्यशाला सम्पन्न भएको छ ।

कोभिड-१९ का कारण उद्यम व्यवसाय क्षेत्रमा परेको प्रभाव र समाधानको रणनैतिक कार्यढाँचा निर्माण गर्ने उद्देश्यले उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र अन्तराष्ट्रिय श्रम संगठनको नेपालस्थित कार्यालय (ILO) को संयुक्त आयोजनामा व्यवसाय पुनरुत्थान (National Dialogue on Business Recovery) सम्वन्धी राष्ट्रिय सम्वाद कार्यक्रम सम्पन्न गरिएको थियो।

उक्त कार्यक्रम कोभिड -१९ महामारीबाट प्रभावित उद्यम व्यवसायलाई पुनः कसरी पूर्ववत अवस्थामा सामान्यीकरण गर्न सकिन्छ र त्यसका लागि सरकार, निजी क्षेत्र, विकास साझेदारहरु र अन्य सरोकारवालाको कस्तो भूमिका हुनुपर्छ भन्ने विषयमा सम्वाद केन्द्रित रहेको थियो। कार्यक्रममा नेपालको व्यवसाय क्षेत्रमा कोभिड-१९ को प्रभाव, सरकार र निजी क्षेत्रले गरेका कामहरु र त्यसको प्रभावकारिता, बेलायत सरकार र अन्य केहि मुलुकहरुले कोभिड-१९ को महामारीबाट व्यवसाय क्षेत्रमा परेको असर न्यूनीकरण गर्न अपनाएका रणनैतिक आर्थिक तथा अन्य उपायहरुको सन्दर्भमा प्रस्तुतिकरण भएको थियो।

त्यसैगरी लघु, घरेलु, साना र मझौला उद्योगहरुको पुनरुत्थान, पर्यटन क्षेत्रको पुर्नस्थापना तथा सुधारका क्षेत्रहरु, शुरुवाती व्यवसाय र नवप्रवर्तनमा युवाहरुको शशक्तिकरणका उपायहरु र महिला उद्यमशिलता एवं रोजगारी अभिवृद्धिका उपायहरु सम्वन्धमा सम्वन्धित क्षेत्रका उद्यमी व्यवसायीहरु र विज्ञ समूहको सहभागितामा समूह सम्वाद कार्यक्रम (Discussion Pannel) सञ्चालन भएको हो।

उक्त कार्यक्रममा मा. उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री, मा. राज्यमन्त्री, उद्योग सचिव, वाणिज्य सचिव, निजी क्षेत्रका प्रतिनिधीमुलक संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरुको उपस्थिति रहेको थियो।

कार्यक्रममा निवर्तमान उद्योग सचिव श्री चन्द्रकुमार घिमिरेले कार्यपत्रहरु तथा विषयवस्तुहरु माथि संक्षिप्त विवेचना प्रस्तुत गर्नुभएको थियो ।

समूह सम्वाद कार्यक्रम (Discussion Pannel) को विषय, स्रोत व्यक्ति तथा कार्यक्रमको विवरण तालिका नं. -११ मा संलग्न रहेको छ।

## तालिका नं. १
## दर्ता भएका उद्योगको विवरण

| दोस्रो चौमासिक प्रगति | | | | | | | चालू आ.व.मा हालसम्मको उद्योग दर्ता |
|---|---|---|---|---|---|---|---|
| उद्योग दर्ता | उद्योगको संख्या | कुल लगानी (रु दश लाखमा) | स्थिर पूँजी (रु दश लाखमा) | चालु पूँजी (रु दश लाखमा) | रोजगारी | | |
| ठूला | ११ | ४४,३६०.९७ | ४३,६९२.५८ | ६६८.४ | ७२० | | २६ |
| मझौला | ११ | ३,४३४.५७ | २,४५२.४५ | ९८२.१२ | ७३३ | | २७ |
| साना | ३३ | ३,८४१.७३ | २,४३५.५८ | १,४०६.१५ | १,५२२ | | ८३ |
| जम्मा | ५५ | ५१,६३७.२७ | ४८,५८०.६१ | ३,०५६.६६ | २,९७५ | | १३६ |

## तालिका नं. २
## दोस्रो चौमासिकमा प्राप्त वैदेशिक लगानी प्रतिबद्धता विवरण

| दोस्रो चौमासिक प्रगति | | | | | | चालू आ.व. हालसम्मको उद्योग दर्ता |
|---|---|---|---|---|---|---|
| उद्योग दर्ता | परियोजना को संख्या | कुल परियोजना लागत (रु दश लाखमा) | स्थिर पूँजी (रु दश लाखमा) | कुल विदेशी लगानी प्रतिबद्धता (रु दश लाखमा) | रोजगारी | |
| ठूला | २ | १,७५०.०० | १,२५३.६० | ३,१३७.५० | ३० | ३ |
| मझौला | २ | २५० | २४० | १०.८६ | ४५ | ३ |
| साना | २७ | २,४८३.६३ | १,६१६.१३ | २,५१५.११ | ६९३ | १२६ |
| जम्मा | ३१ | ४,४८३.६३ | ३,१०९.७३ | ५,६६३.४६ | ७६८ | १३२ |

## तालिका नं. ३
## दोस्रो चौमासिकसम्ममा वैदेशिक लगानीको क्षेत्रगत प्रतिवद्धता विवरण

| क्षेत्र | परियोजना संख्या | कुल परियोजना लागत (रु दश लाखमा) | स्थिर पूँजी (रु दश लाखमा) | चालु पूँजी (रु दश लाखमा) | कुल विदेशी लगानी प्रतिबद्धता (रु दश लाखमा) | रोजगारी |
|---|---|---|---|---|---|---|
| कृषि तथा वनजन्य | २ | ४०० | २८१.२ | ११८.८ | ३७९ | १०३ |
| उर्जा | १ | ० | ० | ० | ५.८६ | ० |
| सूचना तथा प्रविधि | ५ | ४०० | २७२.९२ | १२७.०८ | २,०५०.०० | १४० |
| उत्पादनमूलक | १४ | २,७००.६३ | १,७८७.५३ | ९१३.१ | २,३६४.०६ | २०१ |
| सेवा | ३२ | ५,२१०.०० | २,४९३.७३ | २,७१६.२७ | ५,१००.०० | १,२६२ |
| पर्यटन | ७८ | १५,५३८.५० | १०,८२१.३५ | ४,७१७.१५ | १५,५१८.५१ | २,०३४ |
| कूल | १३२ | २४,२४९.१३ | १५,६५६.७३ | ८,५९२.४० | २५,४१७.४३ | ३,७४० |

## तालिका नं . ४

### दोस्रो चौमासिकमा भएको बैदेशिक लगानीको देशगत प्रतिवद्धता विवरण

| क्रसं | देश | परियोजना संख्या | कुल परियोजना लागत (रु दश लाखमा) | स्थिर पूँजी (रु दश लाखमा) | चालु पूँजी (रु दश लाखमा) | कुल विदेशी लगानी प्रतिबद्धता (रु दश लाखमा) | रोजगारी |
|---|---|---|---|---|---|---|---|
| १ | बेल्जियम | २ | ५० | ३५.३ | १४.७ | ६२.५ | २० |
| २ | ब्रिटिस भर्जिन आइल्याण्ड | १ | ३,०००.०० | २,७१०.०० | २९० | ३,०००.०० | १४६ |
| ३ | चीन | १०४ | १७,९६०.०० | १०,६५३.९० | ७,३०६.१० | १८,१६७.२० | ३,०८१ |
| ४ | चीन (ताइवान) | १ | २५० | २४० | १० | ५ | ४५ |
| ५ | भारत | ५ | ५६० | २७५.१ | २८४.९ | ३८६ | २३० |
| ६ | मलेसिया | १ | ५३ | ४१.५ | ११.५ | ४९.९९ | ३८ |
| ७ | मेक्सिको | २ | १५० | ८९.८ | ६०.२ | १५० | ३८ |
| ८ | पोल्याण्ड | १ | ० | ० | ० | १.३९ | ० |
| ९ | सिंगापुर | १ | ० | ० | ० | १,६५०.०० | ० |
| १० | दक्षिण कोरिया | २ | १३० | १००.१ | २९.९ | ५५ | ५६ |
| ११ | नेदरल्याण्ड | ३ | १४०.६३ | १३४.६३ | ६ | १५६.५३ | ० |
| १२ | बेलायत | ४ | २०५.५ | १२२.८ | ८२.७ | १६० | ५६ |
| १३ | अमेरिका | ५ | १,७५०.०० | १,२५३.६० | ४९६.४ | १,५७३.८१ | ३० |
| | **कूल** | **१३२** | **२४,२४९.१३** | **१५,६५६.७३** | **८,५९२.४०** | **२५,४१७.४३** | **३,७४०** |

## तालिका नं . ५

### दोस्रो चौमासिकसम्ममा बैदेशिक लगानीको क्षेत्रगत प्रतिवद्धता विवरण

| क्षेत्र | परियोजना संख्या | कुल परियोजना लागत (रु दश लाखमा) | स्थिर पूँजी (रु दश लाखमा) | चालु पूँजी (रु दश लाखमा) | कुल विदेशी लगानी प्रतिबद्धता (रु दश लाखमा) | रोजगारी |
|---|---|---|---|---|---|---|
| कृषि तथा वनजन्य | २ | ४०० | २८१.२ | ११८.८ | ३७९ | १०३ |
| उर्जा | १ | ० | ० | ० | ५.८६ | ० |
| सूचना तथा प्रविधि | ५ | ४०० | २७२.९२ | १२७.०८ | २,०५०.०० | १४० |
| उत्पादनमूलक | १४ | २,७००.६३ | १,७८७.५३ | ९१३.१ | २,३६४.०६ | २०१ |
| सेवा | ३२ | ५,२१०.०० | २,४९३.७३ | २,७१६.२७ | ५,१००.०० | १,२६२ |
| पर्यटन | ७८ | १५,५३८.५० | १०,८२१.३५ | ४,७१७.१५ | १५,५१८.५१ | २,०३४ |
| **कूल** | **१३२** | **२४,२४९.१३** | **१५,६५६.७३** | **८,५९२.४०** | **२५,४१७.४३** | **३,७४०** |

## तालिका नं. ६

## दोस्रो चौमासिकसम्ममा बौद्धिक सम्पत्ति दर्ताको विवरण

| क्र. सं. | बौद्धिक सम्पत्ति दर्ता विवरण | यस आ.व.को दोश्रो चौमासिक (हाल) सम्मको हासिल प्रगति | शुरुदेखि हालसम्मको हासिल प्रगति |
|---|---|---|---|
| १ | प्याटेन्ट दर्ता संख्या | १ | ७९ |
| २ | डिजाइन दर्ता संख्या | २१ | २१६ |
| ३ | ट्रेडमार्क दर्ता संख्या | १११६ | ५२०३७ |
| ४ | सामुहिक ट्रेडमार्क दर्ता (Nepal Tea, Nepal Coffee, Everest Big Cardamom र च्याङ्ग्रा पश्मिना) | | ४ |
| ५ | नेपाल जुट, नेपाल कार्पेट, Nep Coop Coffee, Juju dhau लगायत ५ वटा अन्य उत्पादनको सामुहिक ट्रेडमार्क दर्ता प्रक्रियामा रहेको । | | |

## तालिका नं. ७

## गुणस्तर तथा नापतौल विभागको दोस्रो चौमासिकको प्रगति विवरण

| सि. न. | कार्य विवरण | ईकाई | प्रगति | | |
|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | चालू आ.व. हालसम्मको |
| १ | नेपाल गुणस्तर पारित | | | | |
| | (क) नेपाल गुणस्तर परिषदबाट | वटा | ३१ | ० | ३१ |
| | (ख) प्राविधिक समितिबाट | वटा | ५ | ६ | ११ |
| २ | (I) नेपाल गुणस्तर प्रमाण चिन्ह (ईजाजतपत्र+प्रमाणपत्र) | वटा | १२ | ० | १२ |
| | (क) ईजाजतपत्र संख्या ( उत्पादित वस्तु/ पदार्थ) | वटा | ११ | १८ | २९ |
| | (ख) प्रमाणपत्र संख्या (प्रक्रिया) | वटा | १ | २ | ३ |
| | (II) नेपाल गुणस्तर प्रमाण चिन्ह प्राप्त उद्योग संख्या | वटा | १२ | ० | १२ |
| ३ | नेपाल गुणस्तर प्राप्त उद्योगको | | ० | ० | ० |
| | (क) निरीक्षण अनुगमन | वटा | ४ | ६० | ६४ |
| | (ख) नमुना संकलन (उद्योग / वजार) | वटा | ५८ | २२३ | २८१ |
| | I. उद्योगवाट | वटा | १० | १५९ | १६९ |
| | II. वजारवाट | वटा | ४८ | ६४ | ११२ |
| ४ | प्रणाली प्रमाणीकरण प्रदान | वटा | १ | २ | ३ |
| ५ | रसायनिक तथा भौतिक जांच विश्लेषण | वटा | ८०४ | १५२३ | २३२७ |
| ६ | क्यलिब्रेसन सेवा प्रदान | वटा | २०९ | ८५८ | १०६७ |
| ७ | तालिम / गोष्ठी | वटा | १ | ० | १ |
| ८ | राजश्व संकलन | रू. | १०७४६८९५.४० | ९१७५१६५.६८ | १९९२२०६१.०८ |

### तालिका नं. ८
### खानी तथा भूगर्भ विभागको दोस्रो चौमासिक सम्मको प्रगति

| क्र.स. | सम्पादित प्रमुख कार्यहरु र उपलब्धि | | चालु आ.व. को हालसम्म उपलव्धी |
|---|---|---|---|
| १ | राजश्व संकलन | | रु. ५४,७७,१६,७९०।३० |
| | खनिज कार्यको लागि अनुमति पत्र | | |
| २ | बिबिध खनिज कार्य | खानी खोजतलासको प्रमाणपत्र प्रदान | ८० |
| | | खानी खोजतलासको प्रमाणपत्र नविकरण | २०८ |
| | | खानी उत्खननको प्रमाण पत्र प्रदान | ५ |
| | | खानी उत्खननको प्रमाणपत्र नविकरण | ६१ |
| | | उत्खनन्/खोजतलास प्रमाणपत्र रद्द गरिएको | ५१ |
| | | नामसारी भएका खानी/कम्पनी | २ |
| | | निर्माणमुखी खनिजको उत्खनन् सहमती प्रदान | ४ |
| ३ | प्रयोगशाला सेवा | | |
| | विभाग र वाहिरबाट ल्याएका स्याम्पलहरुको | | |
| | रसायनिक विश्लेषण | | ५२६ वटा |
| | नम्बर अफ डिटरमिनेसन | | २४९६ |
| ४ | मिनरलजि पेट्रोलजि ल्याव अध्ययन | | |
| ५ | पुस्तकालय सेवा सूचना प्रवाह | | |
| ६ | भूकम्पिय तरङ्गका सुचना संकलन तथा डाटा प्रोसेसिङ् | | ४४७६ वटा |

### तालिका नं. ९
### कम्पनी रजिष्ट्रारको कार्यालयमार्फत भएका कार्यको दोस्रो चौमासिकसम्मको प्रगति

| सि.नं. | विवरण | २०७७ दोस्रो चौमासिकसम्म | २०७६ दोस्रो चौमासिकसम्म |
|---|---|---|---|
| १ | नयाँ कम्पनी संस्थापना | ११६०१ | ९१३५ |
| २ | वार्षिक विवरण | १००९५ | ८११८ |
| ३ | शेयर खरिद बिक्री वा जगेडा शेयर बिक्री र मृत्युपछिको शेयर नामसारी (शेयर लगत) | २१४१ | १६२२ |
| ४ | पूंजी वृद्धि/पूंजी संरचना परिवर्तन | १५९१ | १२८१ |
| ५ | शुरु अवस्थाको जानकारीहरु/शुरु शेयर बाँडफाँड | १५०७ | ११३१ |
| ६ | ठेगाना परिवर्तन | १३२१ | १०८५ |
| ७ | उद्देश्य थप/संशोधन | ७४४ | ४८६ |
| ८ | प्रवन्धपत्र वा नियमावलीको दफा संशोधन | ५८९ | ४८२ |
| ९ | नाम परिवर्तन | ४९८ | ४३३ |
| १० | एकलबाट बहुल लाने | ४७ | ५१ |
| ११ | कैफियत तलबको जवाफ वा आवधिक जानकारीहरु/सुचना | ११ | १० |
| १२ | कम्पनी गाभ्ने कार्य | ७ | ६ |
| १३ | कम्पनी किसिम परिवर्तन(प.लि बाट प्रा.लि वा प्रा.लि बाट प.लि) | ५ | ३ |
| १४ | गाभिने कम्पनीको निर्णय | २ | २ |
| १५ | अन्य कार्य | ४४० | ३१० |

## तालिका नं . १०
## औद्योगिक ग्रामको विवरण

| क्र सं | प्रदेश | जिल्ला | स्थानीय तह |
|---|---|---|---|
| १ | प्रदेश नं. १ | तेह्रथुम | म्याङलुङ नगरपालिका |
| २ | प्रदेश नं. १ | धनकुटा | पाख्रिबास नगरपालिका |
| ३ | प्रदेश नं. १ | धनकुटा | छथर जोरपाटी गाउँपालिका |
| ४ | प्रदेश नं. १ | सुनसरी | धरान उप-महानगरपालिका |
| ५ | प्रदेश नं. १ | सुनसरी | बराहक्षेत्र नगरपालिका |
| ६ | प्रदेश नं. १ | उदयपुर | वेलका नगरपालिका |
| ७ | प्रदेश नं. १ | उदयपुर | रौतामाई गाउँपालिका |
| ८ | प्रदेश नं. १ | ओखलढुंगा | मोलुङ गाउँपालिका |
| ९ | प्रदेश नं. २ | सिराहा | धनगढीमाई नगरपालिका |
| १० | प्रदेश नं. २ | सिराहा | लहान नगरपालिका |
| ११ | प्रदेश नं. २ | धनुषा | सबैला नगरपालिका |
| १२ | प्रदेश नं. २ | महोत्तरी | गौशाला नगरपालिका |
| १३ | प्रदेश नं. २ | सर्लाही | हरिवन नगरपालिका |
| १४ | प्रदेश नं. २ | सर्लाही | चन्द्रनगर गाउँपालिका |
| १५ | बागमती प्रदेश | दोलखा | भिमेश्वर नगरपालिका |
| १६ | बागमती प्रदेश | सिन्धुपाल्चोक | चौतारा सागाचोकगढी न.पा. |
| १७ | बागमती प्रदेश | नुवाकोट | विदुर नगरपालिका |
| १८ | बागमती प्रदेश | काभ्रेपलाञ्चोक | धुलिखेल नगरपालिका |
| १९ | बागमती प्रदेश | काभ्रेपलाञ्चोक | पांचखाल नगरपालिका |
| २० | बागमती प्रदेश | काभ्रेपलाञ्चोक | रोशी गाउँपालिका |
| २१ | बागमती प्रदेश | मकवानपुर | थाहा नगरपालिका |
| २२ | बागमती प्रदेश | चितवन | भरतपुर महानगरपालिका |
| २३ | गण्डकी प्रदेश | स्याङजा | गल्याङ नगरपालिका |
| २४ | गण्डकी प्रदेश | स्याङजा | चापाकोट नगरपालिका |
| २५ | गण्डकी प्रदेश | स्याङजा | पुतलीबजार नगरपालिका |
| २६ | गण्डकी प्रदेश | स्याङजा | वालिङ नगरपालिका |
| २७ | गण्डकी प्रदेश | स्याङजा | अर्जुनचौपारी गाउँपालिका |
| २८ | गण्डकी प्रदेश | स्याङजा | कालीगण्डकी गाउँपालिका |
| २९ | गण्डकी प्रदेश | तनहुँ | भानु नगरपालिका |
| ३० | गण्डकी प्रदेश | तनहुँ | आँबुखैरेनी गाउँपालिका |
| ३१ | गण्डकी प्रदेश | तनहुँ | ऋषिङ्ग गाउँपालिका |
| ३२ | गण्डकी प्रदेश | तनहुँ | घिरिङ गाउँपालिका |
| ३३ | गण्डकी प्रदेश | तनहुँ | बन्दिपुर गाउँपालिका |
| ३४ | गण्डकी प्रदेश | गोरखा | पालुङटार नगरपालिका |
| ३५ | गण्डकी प्रदेश | गोरखा | सिरानचोक गाउँपालिका |
| ३६ | गण्डकी प्रदेश | गोरखा | भिमसेनथापा गाउँपालिका |
| ३७ | गण्डकी प्रदेश | गोरखा | शहिद लखन गाउँपालिका |
| ३८ | गण्डकी प्रदेश | मनाङ | चामे गाउँपालिका |
| ३९ | गण्डकी प्रदेश | लमजुङ | राईनास नगरपालिका |
| ४० | गण्डकी प्रदेश | पर्वत | कुश्मा नगरपालिका |
| ४१ | गण्डकी प्रदेश | पर्वत | जलजला गाउँपालिका |
| ४२ | गण्डकी प्रदेश | पर्वत | विहादी गाउँपालिका |
| ४३ | गण्डकी प्रदेश | बाग्लुङ | बाग्लुङ नगरपालिका |
| ४४ | गण्डकी प्रदेश | बाग्लुङ | ताराखोला गाउँपालिका |
| ४५ | गण्डकी प्रदेश | नवलपरासी (ब.सु.पू.) | बौदीकाली गाउँपालिका |
| ४६ | लुम्विनी प्रदेश | नवलपरासी (ब. सु. प.) | बर्दघाट नगरपालिका |
| ४७ | लुम्विनी प्रदेश | " " | सुनवल नगरपालिका |
| ४८ | लुम्विनी प्रदेश | रूपन्देही | सैनामैना नगरपालिका |
| ४९ | लुम्विनी प्रदेश | रूपन्देही | तिलोत्तमा नगरपालिका |
| ५० | लुम्विनी प्रदेश | कपिलबस्तु | बाणगंगा नगरपालिका |
| ५१ | लुम्विनी प्रदेश | अर्घाखाँची | सन्धिखर्क नगरपालिका |
| ५२ | लुम्विनी प्रदेश | पाल्पा | रामपुर नगरपालिका |
| ५३ | लुम्विनी प्रदेश | पाल्पा | तानसेन नगरपालिका |
| ५४ | लुम्विनी प्रदेश | पाल्पा | रैनादेवी छहरा गाउँपालिका |
| ५५ | लुम्विनी प्रदेश | गुल्मी | धुर्कोट गाउँपालिका |
| ५६ | लुम्विनी प्रदेश | गुल्मी | मदाने गाउँपालिका |
| ५७ | लुम्विनी प्रदेश | प्यूठान | स्वर्गद्वारी नगरपालिका |
| ५८ | लुम्विनी प्रदेश | दाङ | तुल्सीपुर उप-महा न.पा. |
| ५९ | लुम्विनी प्रदेश | बाँके | खजुरा गाउँपालिका |
| ६० | कर्णाली प्रदेश | डोल्पा | त्रिपुरासुन्दरी नगरपालिका |
| ६१ | कर्णाली प्रदेश | सुर्खेत | भेरीगंगा नगरपालिका |
| ६२ | कर्णाली प्रदेश | सुर्खेत | पञ्चपुरी नगरपालिका |
| ६३ | कर्णाली प्रदेश | सुर्खेत | चौकुने गाउँपालिका |
| ६४ | कर्णाली प्रदेश | सुर्खेत | सिम्ता गाउँपालिका |
| ६५ | कर्णाली प्रदेश | जाजरकोट | शिवालय गाउँपालिका |
| ६६ | सुदूरपश्चिमप्रदेश | डोटी | जोरायल गाउँपालिका |
| ६७ | सुदूरपश्चिमप्रदेश | बझाङ | तालकोट गाँउपालिका |
| ६८ | सुदूरपश्चिमप्रदेश | बझाङ | सूर्मा गाउँपालिका |
| ६९ | सुदूरपश्चिमप्रदेश | दार्चुला | मार्मा गाउँपालिका |
| ७० | सुदूरपश्चिमप्रदेश | बैतडी | मेलौली नगरपालिका |
| ७१ | सुदूरपश्चिमप्रदेश | बैतडी | पंचेश्वर गाउँपालिका |
| ७२ | सुदूरपश्चिमप्रदेश | डडेल्धुरा | अमरगढी नगरपालिका |
| ७३ | सुदूरपश्चिमप्रदेश | कञ्चनपुर | पुनर्वास नगरपालिका |
| ७४ | सुदूरपश्चिमप्रदेश | कञ्चनपुर | बेलौरी नगरपालिका |

**"आर्थिक समृद्धिको आधार, लघु उद्यम मार्फत स्वरोजगार"**

<u>तालिका नं. -११</u>

**"National Dialogue Business Recovery in Nepal" विषयक कार्यशालामा सम्वाद समूह (Discussion Pannel) कार्यक्रममा प्रस्तुत विषय तथा योगदानकर्ताको विवरण**

| क्र.सं. | नाम | पद/कार्यालय/निकाय | भूमिका |
|---|---|---|---|
| **सत्र पहिलोः लघु, घरेलु साना तथा मझौला उद्यमहरुको पुर्नसवलीकरण** | | | |
| १. | श्री हिमाल न्यौपाने | उद्यम विज्ञ | मध्यस्थकर्ता |
| २. | श्री डि बी बस्नेत | अध्यक्ष, घरेलु तथा साना उद्योग समिति, FNCCI | वक्ता १ |
| ३. | श्री कुश कुमार जोशी | सभापति, राष्ट्रिय व्यापार पहल | वक्ता २ |
| ४. | श्री सुरेश प्रधान | पूर्व सभापति (आईपीपी), नेपाल घरेलु तथा साना उद्योग महासंघ (FNCSI)<br>सभापति, (SAARC SMEs Forum) | वक्ता ३ |
| ५. | श्री रीता सिम्हा | सभापति, FWEAN | वक्ता ४ |
| **सत्र दोस्रोः पर्यटन क्षेत्रको पुनरुत्थान** | | | |
| ६. | श्री धनन्जय रेग्मी | कार्यकारी निर्देशक, नेपाल पर्यटन बोर्ड | मध्यस्थकर्ता |
| ७. | श्री सुमन पाण्डे | सचिव, प्रशान्त एशिया ट्राभल एसोसिएशन (पाटा) | वक्ता १ |
| ८. | सुश्री निकिता पाण्डे सिंह | सह-संस्थापक र कार्यकारी निर्देशक, ट्राभल डेभिजर्स | वक्ता २ |
| ९. | सुश्री ज्योत्सना श्रेष्ठ | अध्यक्ष, पर्यटन र हवाई यातायात समिति, FNCCI | वक्ता ३ |
| **सत्र तेश्रोः स्टार्ट अप र युवा सवलीकरण** | | | |
| १०. | श्री रंजित आचार्य | अध्यक्ष, स्टार्ट अप कमेटी, FNCCI | मध्यस्थकर्ता |
| ११. | श्री पवित्र गौतम | सीईओ, कारखाना | वक्ता १ |
| १२. | श्री निकिता आचार्य | सीईओ, शहरी केटी (Urban Girl) | वक्ता २ |
| १३. | श्री वत्सल राजभण्डारी | सह-संस्थापक, डोचा | वक्ता ३ |
| **सत्र चौथोः रोजगारी पुनरुत्थानको लागी महिला उद्यमशीलता** | | | |
| १४. | श्री जूना माथेमा | महिला उद्यमशीलता विकास समिति, सह-अध्यक्ष (FNCCI) | मध्यस्थकर्ता |
| १५. | श्री शुभांगी राणा | सह-संस्थापक, Pad2Go | वक्ता १ |
| १६. | श्री शीतल रिजाल | संस्थापक / सन्चालक, टार्गेट फर्नीचर | वक्ता २ |
| १७. | श्री सुनिता नेमाफुकी | कार्यकारी निर्देशक, R & D Innovative Solution, Founder- Agrinepal | वक्ता ३ |

**"उद्योग व्यवसाय सम्बन्धित निकायमा दर्ता गरेरमात्र सञ्चालन गरौं"**


**उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय**

**सिंहदरवार, काठमाडौं**

**फोन नं. ०१-४२११५७९**

**ईमेलः info@moics.gov.np**

**वेवसाइटः www.moics.gov.np**